☎ : 081-523641, 520338, 520316

# नेपालगंज उप–महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बांके
लुम्बिनी प्रदेश, नेपाल

## औषधि आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७।१२।२६)

सूचना नं. : ०१।०७७।०७८ (स्वास्थ्य)

यस उप–महानगरपालिकाको लागि आवश्यक औषधि सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरूको अधिनमा रही रित पूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सूचना प्रकासन भएको मितिले १५ दिनको कार्यालय समय (२०७८।०१।०९ गते) भित्र कम्पनी/फर्म चालु आ.व.२०७७।०७७८ का लागि नवीकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, कर दर्ता, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र औषधीआपूर्ति गर्ने ईजाजतपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी रू.१०००।०० (अक्षेरूपी एक हजार मात्र) तिरी दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्ने छ । खरिद भएको दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७८।०१।१०) को १२:०० बजे भित्र दरभाउपत्र फाराममा सही छाप गरि दरभाउपत्रदाताको नाम, ठेगाना, फोन तथा इ-मेल, समेत खुलाई सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ ।

३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन (२०७८।०१।१०) को १४:०० बजे दरभाउपत्रदाता वा निजहरूका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरूका प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र साथ रू.९०,०००।००. (अक्षरूपी नब्बे हजार मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि. स्थित यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरको भौचर वा मान्यत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको, प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४ अनुसार हुने रकम बरावरको धरौटी यस उप–महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लि. नेपालगँज स्थित धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

७. औषधि खरिद गर्दा **WHO GMP Certified Company** बाट उत्पादित औषधिहरू मात्र खरिद गरिने छ । बोतलमा सप्लाई हुने औषधिहरू प्लाष्टीक बोतलमा भएको हुनु पर्नेछ र बांकी औषधीहरू स्ट्रीपमा हुनुपर्नेछ ।

८ खरिद हुने औषधिहरूको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufactring Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरू स्वीकार गरिने छैन ।

९. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरूको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरूमा **निःशुल्क वितरणका लागि** भन्ने अनिवार्य उल्लेख भएको हुनु पर्नेछ ।

१०. प्रत्येक औषधिहरूको औषधि निर्यातकर्ताले औषधि व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

११. सारभूत रूपमा प्रभावग्राही दरभाउपत्रहरू मध्ये आइटमवाइज सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ

१२. अन्य हकमा कानुन बमोजिम हुनेछ थप जानकारीको लागि कार्यालयको फोन ः०८१-५२०३१६ मा सम्पर्क गर्न सकिने छ ।

| क्र.सं. | सूचना नं. | बिवरण | दरभाउपत्र दस्तुर | जमानत रकम | लागत अनुमान रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | ००१/२०७७–७८ (स्वास्थ्य) | औषधी खरिद | रू.१०००। | रू.९०,०००। | रू.३५,९९,९९३।८७ (अक्षेरूपी पैतिस लाख उनान्सय हजार नौ सय तिरानब्बे रूपैया सतासी पैसा मात्र) |